नेपाल सरकार
**राष्ट्रिय परीक्षा बोर्ड**
**सानोठिमी, भक्तपुर**

# शोधपत्र अनुदान सम्वन्धी सूचना

राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरबाट आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अनुसार स्नातकोत्तर, एम.फिल र विद्यावारिधी तहका विद्यार्थीहरूलाई माध्यमिक तहको (परीक्षा सुधार, मूल्याङ्कन र गुणस्तरमापन, नतिजा विश्लेषण एवं नतिजा विश्लेषणबाट देखिएका समस्याहरुसँग सम्वन्धित) शोधपत्र लेखनका लागि अनुदान दिइने हुँदा इच्छुक विद्यार्थी/शोधार्थीबाट प्रस्ताव सहितको आवेदन आह्वान गरिएको छ। सो सम्बन्धमा २०८२ फागुन १५ गतेभित्रमा शोध प्रस्ताव सहितको निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ । यस सम्वन्धी विस्तृत विवरण **neb.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

## १. अनुदान रकम

| क्रसं. | तह | अनुदान रकम (प्रति शोधपत्र) रू. |
|---|---|---|
| १ | स्नातकोत्तर | ७५,०००/- |
| २ | एम.फिल | १,००,०००/- |
| ३ | विद्यावारिधी | १,२५,०००/- |

## २. शीर्षक

माध्यमिक तहको (परीक्षा सुधार, मूल्याङ्कन र गुणस्तरमापन, नतिजा विश्लेषण एवं नतिजा विश्लेषणबाट देखिएका समस्याहरुसँग सम्वन्धित कुनै पनि शीर्षक मान्य हुनेछ ।)

## ३. मापदण्ड

- नेपाली नागरिक हुनुपर्ने,
- स्नातकोत्तर तहको हकमा पहिलो र दोस्रो Semester उत्तीर्ण भएको,
- एम.फिल तहको हकमा पहिलो Semester उत्तीर्ण भएको,
- पि.एच.डी. का हकमा पि.एच.डी. रजिष्ट्रेशन भैसकेको ।

## ४. भुक्तानी प्रकृया

- मस्यौदा प्रतिवेदन पेश भएपछि २५%
- अन्तिम प्रतिवेदन पेश भएपछि ७५%
- अन्तिम प्रतिवेदन २०८३ असार १५ गतेभित्रमा पेश गरिसक्नु पर्ने (स्नातकोत्तर तहका लागि)

(अन्तिम प्रतिवेदनमा शोधार्थीबाट प्राप्त जानकारी (Finding/recommendation) का आधारमा सुझाव कार्यान्वयनका लागि राष्ट्रिय परीक्षा बोर्डबाट उपलब्ध गराइएको ढाँचामा कार्ययोजना (Action Plan) समेत पेश गर्नुपर्नेछ ।)

## ५. निवेदनको ढाँचा

- निवेदन (**नाम र थर , ठेगाना, मोवाइल नम्बर र इमेल अनिवार्य** )
- सम्वन्धित विश्वविद्यालयबाट शोध प्रस्ताव स्वीकृत भएको हुनुपर्नेछ ।
- शोधपत्र सम्वन्धी भइरहेको प्रगतिको जानकारी गराउनु पर्नेछ । (विद्यावारिधी तहको लागि मात्र)

## ६. आवश्यक कागजात

- शैक्षिक प्रमाणपत्रहरूका Digital Copy पेश गर्नु पर्नेछ । नेपाल बाहिरका शैक्षिक निकायहरूबाट उत्तीर्ण गरेका प्रमाणपत्रहरूको हकमा समकक्षता समेत पेश गर्नु पर्नेछ ।
- विद्यावारिधी तहका शोधार्थीले ६/६ महिनामा शोधपत्र सम्वन्धी भइरहेको प्रगतिको जानकारी गराउनु पर्नेछ ।

बोर्डको मूल्याङ्कन समितिले यस सम्वन्धमा सम्पूर्ण निर्णय गर्नेछ ।

**पुनश्च :**
- शोधपत्र लेखनका लागि Research tools निर्माण गरी तथ्याङ्क संकलन गरिसकेका विद्यार्थीहरूले यस कार्यक्रममा भाग लिन पाउने छैनन् ।
- अनुदान प्राप्त गर्न अन्य कुनै पनि निकायबाट सहयोग नलिएको हुनुपर्नेछ ।


- **अनुसन्धान, गुणस्तर तथा शासकीय सुधार महाशाखा**

**०१-६६३१३९४**